
# ताप्लेजुङ जिल्लाको थेचम्बु, थुम्बेदिन र चा“गे दोभानमा भएका मानवअधिकार तथा मानवीय कानुनको उल्लंघनसम्बन्धी घटनाको स्थलगत अध्ययन प्रतिवेदन




## सारांश

प्राप्त तथ्यहरूका आधारमा विश्लेषण गर्दा पक्राउ गर्न सक्ने अवस्थामा पनि ताप्लेजुङमा विष्णु मेन्याङबो र अर्जुन मेन्याङबोको ०६२ कार्तिक १ र २ गते सेनाको गोलीबाट मृत्यु भएको देखिन आयो । निशस्त्र अवस्थामा रहेका विष्णुको मृत्यु सकेट बम प्रहारपछिको प्रतिकारमा भएको मान्न सकिने आधारहरू पनि देखिँदैन । अर्जुनको मृत्यु पनि नियन्त्रणपछि चलाइएको गोलीबाट भएको देखिन्छ । त्यसैगरी ०६२ पुस ८ गते दोभानमा नेकपा (माओवादी)का कार्यकर्ताहरूद्वारा सार्वजनिक बाटोमा गराइएको विद्युतीय धराप विस्फोटनबाट फुर्वा शेर्पा र दारेन्जी शेर्पा नाम गरेका दुई सर्वसाधारणको मृत्यु हुन गएको प्रष्ट हुन आयो । मानवीय कानुनको ठाडो उल्लंघन भएको त्यस घटनाका सम्बन्धमा नेकपा (माओवादी)ले हालसम्म पनि औपचारिक रूपमा जिम्मेवारी लिइ गल्ती स्वीकार गरेको छैन ।




मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)



२०६२ पुस २८ गते, काठमाडौं

# क्ाफबचथ



बतभच बलबथिशष्लन तजभ बखबर्षबिदभि अष्चअगफकतबलतर्ष्बा भखष्मभलअभक बलम तजभ ष्लतभचखष्मधक धष्तज कभखभचर्बा उभचकयलक, तजभ ाबअत ाष्लमष्लन ाष्ककष्यल या ज्च्त्ःॠॠ जबक अफभ तय ब अयलअगिकष्यल तजबत द्यष्कजलग :भथबलनदय बलम ब्चवगल :भथबलनदय धभचभ पर्षीभिम यल ज्ञड बलम ज्ञढ इअतयदभच, द्दण्ण्छ चभकउभअतष्खभथि ष्ल त्बउबभिवगलन मष्कतचष्अत धजर्षभि तजभथ धभचभ गलमभच बचचभकत। भ्खष्मभलअभक मय लयत कजयध तजबत दयतज धभचभ पर्षीभिम मगचष्लन तजभ भलअयगलतभचक। क्ष्ल बलयतजभच ष्लअष्मभलत ष्ल त्बउभिवगलन यल द्दघ म्भअफ्दभच, द्दण्ण्छ तधय अष्खर्षष्बिलक लकभथि एजगचधब बलम म्बचभलवष क्जभचउब धभचभ पर्षीभिम ष्ल ब बिलम्फष्लभ भहउयिकष्यल उबिलतभम दथ तजभ अबमचभ या ॠएल ९ःबयष्कत०। ज्च्त्ःॠॠ जबक तबपभल तजष्क ष्लअष्मभलत बक ब खष्यबितष्यल या जगफबलष्तबचष्बल बिधक।

**Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC)**
**Secretariat INSEC, 12 January 2006**

१. पृष्ठभूमि

मेची अञ्चल ताप्लेजुङ जिल्लामा कार्तिक २९ देखिका मानवअधिकार उल्लंघनका घटनाहरूका सूचना विभिन्न सञ्चार माध्यमहरूमा प्रकाशित हुँदै आएका छन् । त्यसैक्रममा स्थानीय मानवअधिकारकर्मी र आमसञ्चार माध्यममार्फत् सुरक्षाफौजद्वारा नियन्त्रणपछि दुई जनाको हत्या गरिएको र माओवादीद्वारा बिच्छ्याइएको बम विस्फोटनमा परी दुई सर्वसाधारणको मृत्यु भएको जानकारी मानवअधिकार सन्धि अनुगमन समन्वय समितिलाई प्राप्त भयो । ती प्रारम्भिक जानकारीका आधारमा मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको टोलीले ताप्लेजुङ जिल्लामा पुगी मृतकका परिवार, प्रत्यक्षदर्शी, स्थानीय प्रशासन तथा सुरक्षा निकायसँग भेट गरी घटनाहरूका सम्बन्धमा विवरण संकलन गरेको छ ।

टोलीले ०६२ कार्तिक १ गते ताप्लेजुङको थेचम्बु गाविसका विष्णुबहादुर मेन्याङबो र त्यसको भोलिपल्ट भएको अर्जुन मेन्याङबोको मृत्युका सम्बन्धमा स्थलगत अध्ययन गरेको छ । साथै, टोलीले खाम्लुङ गाविसको चाँगे दोभान बजारमा जमिनमुनि बिच्छ्याइएको बम विस्फोटनमा परी ०६२ पुस ८ गते बिहान भएको दुई भरियाको मृत्युका सम्बन्धमा पनि अध्ययन गरेको छ ।

२. उद्देश्य

- मानवीय क्षतिको बारेमा घटनाका सम्बन्धमा तथ्य संकलन गर्ने,
- पीडितहरूको आश्रितहरूलाई राहत उपलब्ध गराउन राज्य पक्षलाई दबाब दिने ।

३. तथ्य संकलन टोलीका सहभागीहरू

- बद्रीप्रसाद शिवाकोटी, हिमराइटस् लाइफ लाइन
- बिन्दा मगर, महिला कानुन र विकास मञ्च
- प्रशन्नता वस्ती, प्रलेख अधिकृत, इन्सेक विराटनगर
- लक्ष्मी दाहाल, रिलेक-नेपाल
- नारायण पराजुली, हुरेक्ड झापा
- लेखनाथ खतिवडा, हुकोडेक पाँचथर
- सीपी भट्टराई, इन्सेक जिल्ला प्रतिनिधि, ताप्लेजुङ
- सन्तोष चाम्लिङ

४. तथ्य संकलन पद्धति

१ घटनाका सम्बन्धमा प्रारम्भिक तथ्य संकलन
२ घटनाका सम्बन्धमा प्रकाशित सामग्रीहरूको अध्ययन
३ सञ्चारकर्मीहरूसँग कुराकानी
४ घटनास्थलको अवलोकन
५ पीडित परिवार, प्रत्यक्षदर्शी, स्थानीय बासिन्दासँग भेटघाट र घटना विवरण संकलन
६ सुरक्षा निकाय, स्थानीय प्रशासन, स्थानीय नागरिक समाजका प्रतिनिधिहरूसँग कुराकानी

५. अनुगमन टोलीले भेटघाट गरेका व्यक्ति र निकायहरू

परिवारका सदस्य, छिमेकी, स्थानीय बासिन्दा, राजनीतिक नेताहरू, नागरिक समाजका सदस्यहरू, सरकारी निकायहरू, सुरक्षानिकाय

६. घटना विवरण

क. घटनाक्रमको संक्षिप्त विवरण
घटना नं. १
मृतकः विष्णु मेन्याङबो, ४२
पीडकः सुरक्षाफौज (राज्य पक्ष)
मितिः ०६२ कार्तिक १ मंगलबार
समयः बिहान ८.३०
घटनास्थलः ताप्लेजुङ, थेचम्बु- ६, खाल्टे

घटना नं. २
मृतकः अर्जुन मेन्याङबो, ३२
पीडकः सुरक्षाफौज (राज्यपक्ष)
मितिः ०६२ कार्तिक २ बुधबार
समयः बिहान ८ बजे
घटनास्थलः थुम्बेदिन-७ बडहरे

घटना नं. ३
मृतकः दारेञ्जी शेर्पा, ४३ र फुर्वा शेर्पा, ५३
पीडकः गैरराज्य पक्ष
मितिः ०६२ पुस ८
समयः बिहान ३.३० बजे
घटनास्थलः ताप्लेजुङ, चाँगे गाविस-१, दोभान

ख. प्रत्यक्षदर्शी/स्थनीयबासिन्दाको भनाइ

घटना नं. १
गीता सुब्बा मेन्याङबो, २८ ( मृतक विष्णु मेन्याङबोकी श्रीमती)

विष्णु सर दशैंको एक हप्ताअघिदेखि दशैं मनाउन घरैमा हुनुहन्थ्यो । घटनाको अघिल्लो रात पाँचजना घरमा सुत्न आएका थिए । कार्तिक १ गते बिहान तीन जना बाहिर थिए । दुईजना चाहिं भित्रै थिए । म भान्छामा चिया बनाउँदै थिएँ र विष्णु सर ट्वाइलेट जानुभएको थियो । सेना बन्दुक ताक्दै आए र विष्णु सरको घर यही हो भनेर सोधे । सेनाहरू धेरै नै आएका थिए । विष्णु सरका साथी रमण (अर्जुन) र विशाल भित्र थिए । बाहिर भएका तीन जनालाई गिरफ्तार गरेर पछाडि हात बाँधेर आँगनमा लडाए । मलाई उनीहरूले घरभित्र को छन् भनी सोधे । मैले कोही छैन भनेपछि मलाई अघि लगाई भित्र गए । त्यतिबेलासम्ममा घरभित्र रहेका रमण र विशाल झ्यालबाट भागिसकेका रहेछन् । म बाहिर आइपुग्दा विष्णुसर र सेनाका बीचमा राम्रैसँग कुराकानी भइरहेको थियो । मैले उहाँलाई अरू साथीले पोल्छन् कि भनी

सोध्दा उहाँले केही गर्दैनन् भन्नुभयो । त्यसपछि म ढुक्क भई पानीधारातिर गएँ । फर्केर आउँदा उहाँ हुनुहुन्नथ्यो । देउरानीले तपाईं एकछिन छलिनु, दाजुलाई ढालेजस्तो छ भनेपछि म तल्तिर गएँ । सेनाले घरमा भएको दुई हजार रूपैयाँ र हाम्रो फोटो पनि लगेछन् । बालबच्चाको बारेमा सोधखोज पनि गरे रे । घरमा आगो लगाइदिने कुरा पनि गरे रे ।

जसु सुब्बा (भाइबुहारी)

दाजुले मसँग तातोपानी माग्नुभयो । म दिएर आफ्नो काममा लागें । दाजुले उनीहरूसँग कुरा गर्दै गर्दा एक जना सेना कुद्दै आयो र केही भन्यो । त्यसपछि तँ पनि लागेको हो भन्दै एक थप्पड लगायो । थप्पड लगाएको देखेपछि मैले डराएर हेर्न सकिनँ । एकछिनमा हेर्दा दाजु भागिसक्नुभएको थियो । मैले देखिन तर मेरो श्रीमान्ले भनेअनुसार उहाँलाई एकदुई लात पनि हानेका थिए रे । म घरबाहिर निस्कन खोज्दा मलाई सेनाले दिएन । एकछिनपछि गोली चलेको आवाज आयो र सबै सेना त्यतै दौडेर गए । म बाहिर निस्केर हेर्दा दाजु पर पुगिसक्नुभएको रहेछ । माथिबाट नहान्, नहान् भन्दै गर्दा पनि गोली चलिरह्यो । राति आएका दाजुका साथीले पाँच वटा प्रेसर कुकर ल्याएका थिए ।

महमलाल मेन्याङबो, ७४ (अर्जुनको बुवा)

विष्णु मेरो भतिजा हो । म काठमाडौंबाट आएको तीनचार हप्ता भएको थियो । घटनाको दिन म घरैमा थिएँ । विष्णुलाई समाउने अवस्था हुँदाहुँदै पनि सेनाले गोली हान्यो । पहिले लागेको गोली देब्रेपट्टि छातिमा लागेको रहेछ । गोली लागेपछि ऊ लड्यो । ऊ घिस्रिदै थियो । माथिबाट नहान् भन्दै थिए तर गोली चल्यो र गोली दाहिने कोखामा लागेछ । स्ट्रेचरमा राखी ब्याण्डेज लगाउँदै गर्दा उसको प्राण गयो ।

यामकुमारी मेन्याङबो (छिमेकी)

ड्रेसमा रहेका सैनिकहरूले घरमा आएका छिमेकीहरूलाई बाहिर निस्कन दिएनन् । तीन पटक गोली पड्केको आवाज आयो । ऐया, ऐया भन्ने आवाज आयो । त्यस बेला त विष्णु सरलाई पो ढालेछन । समातेर लडाएर फेरि गोली हानेर मारेछन । त्यसपछि वरपरका छिमेकीहरूलाई बोलाए । यो ढलेको मान्छे चिन्नुहुन्छ भनी सेनाले सोधे । हामीले चिन्छौं भनेपछि उहाँलाई निराधार आरोप लगाए ।

बुद्धराज मादेन, आङदेवा-३ ताप्लेजुङ (शिक्षक)

नियन्त्रणमा लिएर कानुनी कारवाही गर्ने अवस्था हुँदाहुँदै गोली हानी हत्या गरिएको हो ।

घटना नं. २
महमलाल मेन्याङबो, ७४
अर्जुन मेरो छोरा हो । उसको उमेर ३२ वर्ष थियो । विवाह गरेको थिएन । मेरा पाँच भाइ छोरामध्ये काँइला छोरा हो । बी एड गरेको शिक्षक थियो । दुई वर्षको अध्ययन बिदामा थियो । आएकै भोलिपल्ट अर्जुन विष्णुको घरबाट भागेको थियो । सेनाले २ गते बुधबार थुम्बेदिन गाविस-७ बडहरेमा बिहान ८.०० बजेतिर गुरू खरेलको घरमा बसिरहेको अवस्थामा उसलाई घरबाट निकालेर समातेर लडाए । त्यसपछि गोली हाने । उत्तानो पारेर मारेछन् । अर्जुनको निधारमा गोली हानेर टाउको क्षतविक्षत पारेछन् । गोली घुँडामा पनि लागेछ । दायाँ हातको

कलम समाउने औंला पनि थिएन । मलाई लाग्छ सेनाले समाउन सक्थ्यो । सेनालाई सुराकीबाट थाहा भएको हुनुपर्छ ।

घटना नं. ३
मृतकका परिवारको भनाइ

कृष्णकुमारी शेर्पा (फुर्वाकी छोरी)
ग्रामीण स्तरका माओवादी अशिक्षित हुन्छन् । मानवअधिकारकर्मीहरू गाउँगाउँमा गए भने मात्र उनीहरूलाई केही नैतिक दबाब हुन्थ्यो ।

मिङ्मा शेर्पा (फुर्वाकी श्रीमती ), ५०
म अहिलेसम्म गाउँमै बसेकी हुँ । मलाई केही पनि थाहा छैन । मलाई केही सहयोग पनि भएको छैन । मेरो ठूलो छोरी पढिरहेको छ । अब कसले धान्छ ?

जमुना शेर्पा, (दारेञ्जी शेर्पाकी श्रीमती), ३६
मेरो खेतिपाती खास केही छैन । अहिलेसम्म उसले भारी बोकेर चलाएको थियो । मेरा पाँच छोराहरू छन् । जेठो छोरा १४ र कान्छो ४ वर्ष छन् । कसैले पनि पढ्न पाएको छैन । घटनापछि माओवादीले सम्पर्क गरेको छैन । अहिले म यहाँ आफ्नो नागरिकता बनाउन आएको हुँ । नागरिकता लिनका लागि गाउँले गंगाप्रसाद पौडेलले सहयोग गरिरहनुभएको छ ।

दोभानका स्थानीय बासिन्दा

चन्द्रबहादुर थापा, २८, फुङलिङ १, ताप्लेजुङ
माधव नेपाल, ४६, खाम्लुङ १ दोभान
मानबहादुर मोक्तान, ४१, खाम्लुङ १, दोभान
भोलानाथ पौडेल, ४८, खाम्लुङ १, दोभान

फुङलिङ बजारबाट भारी बोकेर साँघुतर्फ जाने क्रममा गंगा निमावि सञ्चालक समितिका अध्यक्ष अन्दाजी वर्ष ५६ का फुर्वा शेर्पा र वर्ष ४६ वर्षको दारेञ्जी शेर्पा साँघु गाविस- ९ का बासिन्दा हुन् । ०६२ पुस ८ गते बिहान ३.३० बजे दुवैले एउटै कामको भारी बोकेका थिए । घटनाको अघिल्लो दिन बेलुका उनीहरू खाम्लुङ-१ मा कमल लिम्बुको घरमा बास बसेका थिए । सँगै बसेका चार जना भोलिपल्ट बिहानसँगै पुल तरेकोमा बीचमा हिंड्ने दुई भरिया मारिए भने अगाडि र पछाडिका दुई बाँचे । ती नरबहादुर लिम्बु र पात्ले काँइला थिए । उनीहरू पनि ताप्लेजुङ गएका र पात्ले काँइला नागरिकता बनाउन जिल्ला प्रशासन गएर आएका थिए ।

चार जनामध्ये फुर्वा शेर्पाको घटनास्थलमै मृत्यु भयो । दारेञ्जीको पुलपारी मृत्यु भएको थियो । फुर्वाको लाशको दायाँ कोखाको भाग र दाहिने हात उछिट्टिएको थियो । घटनास्थलमा रगतमा लत्पत्तिएको बहत्तर हजार सातसय रूपैयाँ भेटियो । त्यो रकम जनताले सम्बन्धित विद्यालयलाई स्थानीय बुझाए । फुर्वाले गंगा निमाविको सञ्चालक समितिको बोर्डसमेत बोकेका थियो ।

यो घटना हुनुभन्दा अगाडि सेनाबाट धेरैले कुटाइ खाएका थिए । कुटाइ खानेहरूमा अम्बके माइला दाइ भनिने भीम श्रेष्ठ, शंकर मोक्तानसमेत थिए । हरेक गस्तीमा एक जनाले कुटाइ

खाएकै हुन्छ । टंक गौतमले समेत कुटाइ खाए । अगाडि केही व्यक्ति पक्राउसमेत परेका थियौं । मानबहादुर मोक्तान र चन्द्रबहादुर थापाले गम्भीर यातना पाए । शिव भट्टराईले पनि कुटाइ खाए । मानबहादुरलाई प्रहरी हिरासतमा २१ दिन र म चन्द्र थापालाई चार महिना कठोर यातना दिइयो । करेन्टसम्म लगाइयो । माओवादीको आरोपमा अनुसन्धान गर्न लगेर यातना दिइएको थियो । तर पुष्टि हुन नसकेर छाडियो । अहिले पनि मलाई १५ दिनको तारिख दिइएको छ ।

माओवादीले सेनाको गस्तीलाई लक्षित गरेर बम राखेको हुनुपर्छ । सातदलको कार्यक्रम ढुंगेसाँधुको त्याम्बामा थियो । कार्यक्रम बिथोल्न सेना आउँछ कि भन्ने अनुमानमा बम राखेको हुनुपर्छ भन्ने पनि छन् । बमको प्रकृति बाल्टिन बम जस्तो थियो । बिजुलीको खम्बा काटेर बम बनाउने र पड्काउने पुरानै चलन छ । त्यो पनि हुन सक्छ । यो क्षेत्र माओवादीको बम राख्ने क्षेत्रजस्तै भएको छ । धेरै चोटी भयो यस्तो बम पड्काएको । तर मानवीय क्षति भएको थिएन । अगाडि एक जना माओवादीको आफ्नै बमले आफ्नै हात चुडिएको थियो ।

माओवादीले यो घटनाको आधिकारिक जिम्मेवारी लिएको मलाई थाहा छैन । स्थानीय माओवादी कार्यकर्ताले भरिया नचिनेर अन्जानमै यो घटना भएको हो भन्छन् ।

माओवादीले समयसमयमा सुरक्षाकर्मीलाई लक्षित गरी रातारात बजारको बीचबीचमा बम राख्ने गरेका छन् । तर हामी माओवादीभन्दा सेनाबाट बढी पीडित छौं । सुरक्षाकर्मीले खाम्लुङ १ निवासी करिब ३० वर्षीय ग्याबु शेर्पालाई पुस १३ गते डकैती मुद्दामा लगेको छ । उनको भाइ २६ वर्षीय नोप्पु शेर्पालाई दुई वटा मुद्दा लगाएको छ । उनलाई एक पटक पक्राउ गरी आत्मसमर्पण गरेर सफाइ पाइसकेपछि पुनः पक्राउ परेको हो ।

हामी चाहन्छौं मुलुकमा शान्ति स्थापना होस् । दुवै पक्षबाट विस्फोटक पदार्थ नपड्काइयोस् । सरकारी पक्षबाट मारेर सक्ने स्थितिले शान्ति हुँदैन ।

प्रजापति काफ्ले, नागरिक समाज
माओवादी कार्यकर्ता दुसान्तले फोनबाट गल्ती भएको स्वीकार गरेका छन् । तर लिखितरूपमा केही जारी गरेका छैनन ।

नागरिक समाजको छलफलमा उठेका कुराहरू

- १५/१६ घरपरिवार गाउँ फर्के । विस्थापित व्यक्तिहरू सशर्त घर फर्कदैछन् ।
- २०७ घरपरिवार सदरमुकाममा र अन्यत्र छरिएर बसेका छन् ।
- ०५८ देखि ०६२ सम्ममा माओवादीको कब्जामा ३८ घरको सम्पत्ति कब्जा, ७८ घर विस्थापित, २५ जना व्यक्ति विस्थापित, ६६ व्यक्ति आत्मसमर्पणपछि विस्थापित
- संभावित घटनाका सम्बन्धमा पनि अनुगमन गर्नुपर्छ
- ०५८ देखि जिल्ला सदरमुकाममा कर्फ्यु लाग्दै आएको छ
- हिरासतमा रहेका एक जना हाल मरणासन्न अवस्थामा छन्

७. स्थानीय प्रशासन

राजकुमार निरौला (प्रमुख जिल्ला अधिकारी)

युद्धविरामको बेलामा स्थितिमा सुधार आएको छ । यसअवधिमा सेनाबाट थेचम्बु र थुम्बेदिनको घटनामा दुई जनाको मृत्यु भयो भने माओवादीबाट दोभानको घटना भयो । गस्तीमा जाने सुरक्षाफौजमा मानवअधिकार शिक्षाको कमी हुनाले यस्ता कहिलेकाहिं घटना हुने गरेका छन् । थेचम्बुको घटनाबारे भन्नुपर्दा उनीहरू माओवादीमै लागेका हुन् । उनीहरूको खोजी कार्य भइरहेको थियो । युद्धविराम हुनाले निश्चिन्त भएका होलान् । घरमा आएका सेनालाई हातपात गरेपछि स्थिति बिग्रेको भन्ने सुनेको छु । व्यक्तिगत रूपमा उनीहरूलाई पक्राउ गर्ने अवस्थाबारे थाहा भएन ।

दोभान घटनाबारे दुई भनाइ आएका छन् । सात दलका अनुसार सो इलाकामा हुन लागेको आफ्नो कार्यक्रम बिथोल्न सेना आउँछन् भनी माओवादीले सो बम थापेको हो । अर्को भनाइ चाहिं महिवा खोलामा माओवादीको कार्यक्रम थियो र सो कार्यक्रममा आक्रमण गर्न सोही बाटो गरी गस्ती आउँछन् र तिनलाई लक्षित गरी नै माओवादीले बम राखेका हुन् ।

हाल कारागारमा माओवादीको आरोपमा थुनिने १२/१५ जना जति छन् । उनीहरूले कति यातना दिन्छन् भन्ने हामीलाई थाहा भएन । सेनाले पक्रेर सीधै ब्यारेकमा ल्याउँछ । सोधपुछ गर्छ र मुद्दा चलाउनु परेमा प्रहरीमा लैजान्छ अनि मात्र हामीलाई जानकारी हुन्छ ।

८. सुरक्षा निकाय

सेनानी रूपेन्द्र बुढाथोकी, इन्द्रदल गुल्म, ताप्लेजुङ

कुरा हुँदै गर्दा उनीहरू एग्रेसिब भए । नियन्त्रणमा लिन सकिएन । सुरक्षा कारवाहीमा विष्णु नामका एक जना थेचम्बुको खाल्टेमा परे । उनी किराँत मुक्ति मोर्चाको जिल्ला सदस्य र इलाका कमिटी सदस्य हुन् भन्ने खुल्यो । चट्टान भनिने रघुनाथ नेपाल, कुशल भनिने खेम पौडेल र मदनकुमार शेर्पालाई नियन्त्रणमा लिन सकियो । चट्टान भुटानी शरणार्थी हुन् । तीनै जनालाई नजरबन्दमा राखिएको छ । रमण भनिने अर्जुन पनि त्यसको भोलिपल्ट सर्चको क्रममा सुरक्षाकर्मीमाथि सकेट बम प्रहार गर्न खोज्दा सुरक्षा कारवाहीमा मारिएका हुन् । उनी जिल्ला कमिटि सदस्य तथा पूर्व जिल्ला जनसरकार उपप्रमुख हुन् ।

९. प्राप्त तथ्यहरू

१. दोभानको बम विस्फोटन गराउने कार्य नेकपा (माओवादी) द्वारा भएको थाहा हुन आयो ।
२. सोही स्थानमा सुरक्षाफौजको आवतजावत हुनसक्ने संभावित स्थितिलाई अनुमान गरी सुरक्षाफौजलाई नै लक्षित गरेर बम बिच्छ्याइएको बुझिन आयो ।
३. सर्वसाधारणको जीउधनको ख्यालै नगरी अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघन हुने गरी लापरवाही तरिकाले विद्युतीय धराप बिच्छ्याई विस्फोट गराउँदा एक भरिया र एक विद्यालय व्यवस्थापन समितिका अध्यक्षको मृत्यु भएको बुझियो ।
४. माओवादीले दोभान इलाकालाई नै एम्बुस क्षेत्र घोषणा गरेको थाहा हुन आयो ।
५. माओवादी कार्यकर्ताले स्थानीय मानवअधिकारकर्मीलाई टेलिफोन गरी जिम्मेवारी स्वीकार गरेको भए पनि लिखित रूपमा हालसम्म क्षमा मागिएको छैन ।
६. सुरक्षाकर्मीहरूले थेचम्बु खाल्टेका विष्णु मेन्याङबो र अर्जुन मेन्याङबोलाई खोजिरहेको जानकारी हुन आयो ।

७. थेचम्बु खाल्टेको घटनामा मारिएका विष्णु मेन्याङबो सुरक्षाकर्मीको नियन्त्रणमा लिने अवस्था हुँदाहुँदै गोली हानी हत्या गरिएको बुझिएको ।
८. राज्यपक्षले थुम्बेदिन बडहरेमा मुठभेटमा मारिएका भनिएका अर्जुन मेन्याङबो मुठभेटमै मारिएका हुन् भन्ने विश्वासिलो तथ्य फेला परेन ।
९. सुरक्षाकर्मीले अर्जुनलाई नियन्त्रणमा लिने अवस्था हुँदाहुँदै पनि घर घेराउ गरी टाउकोमा गोली प्रहार गरेको पाइयो ।

१०. निश्कर्ष

प्राप्त तथ्यहरूका आधार विश्लेषण गर्दा पक्राउ गर्न सक्ने अवस्थामा पनि विष्णु मेन्याङबो र अर्जुन मेन्याङबोको सेनाको गोलीबाट मृत्यु भएको देखिन आयो । निशस्त्र अवस्थामा रहेका विष्णुको मृत्यु सकेट बम प्रहारपछिको प्रतिकारमा भएको मान्न सकिने आधारहरू पनि देखिंदैन । अर्जुनको मृत्यु पनि नियन्त्रणपछि चलाइएको गोलीबाट भएको देखिन्छ । त्यसैगरी दोभानमा माओवादीद्वारा लापरवाहीपूर्वक सार्वजनिक बाटोमा गराइएको विधुतीय धराप विस्फोटनबाट फुर्वा शेर्पा र दारेञ्जी शेर्पा नाम गरेका दुई सर्वसाधारणको मृत्यु हुन गएको प्रष्ट हुन आयो । मानवीय कानुनको ठाडो उल्लंघन भएको त्यस घटनाका सम्बन्धमा माओवादीले हालसम्म पनि औपचारिक रूपमा जिम्मेवारी लिइ गल्ती स्वीकार गरेको छैन ।

११. सुझाव

राज्य पक्षलाई

१. ताप्लेजुङ जिल्लाको थेचम्बु गाविसस्थित खाल्टे र थुम्बेदिनको बडहरेका घटनाहरूलाई स्वतन्त्र, निष्पक्ष एवं आधिकारिक रूपमा छानबीन गरी दोषीहरूउपर कानुनी कारवाही चलाइयोस् र पीडितका परिवारलाई उचित क्षतिपूर्ति प्रदान गरियोस् ।

२. दोभान घटनाका मृतकका परिवारलाई यथाशीघ्र आर्थिक सहयोग पीडितकै घरदैलोमै उपलब्ध गराइयोस् । साथै मृतकका छोराछोरीहरूलाई निशुल्क शिक्षाको व्यवस्था गराइयोस् ।

गैरराज्य पक्षलाई

१. गैर अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वका पीडितहरूको संरक्षणसम्बन्धी सन् १९७७ को अतिरिक्त प्रलेखप्रतिको आफ्नो प्रतिबद्धता लिखित रूपमा जारी गर्न नेकपा (माओवादी) लाई आव्हान गरिन्छ ।
२. दोभानमा बम विस्फोट गराई दुई सर्वसाधारण भरियाहरूको हत्या गरिएको सम्बन्धमा आधिकारिक जिम्मेवारी लिइ र सार्वजनिक रूपमा माफी माग्दै भविष्यमा यस किसिमका घटना दोहोरिन नदिने प्रत्याभूति गर्न नेकपा (माओवादी) द्वारा गरियोस् ।
३. अन्तर्राष्ट्रिय मानवीय कानुनको साझा धारा ३ अक्षरशः पालना नेकपा (माओवादी) द्वारा गरियोस् ।
४. सात राजनीतिक दल र नेकपा माओवादीबीच भएको १२ बुँदे समझदारीपत्र पालना गर्न माओवादीद्वारा इमानदारीपूर्वक गरियोस् ।